# तनहुँ जिल्लामा बोलिने नेवारी भाषाको अध्ययन

**शोधकर्ता**

मीना श्रेष्ठ

परीक्षा क्रमाङ्क २८८००२९

त्रि.वि. दर्ता नं. ९-२-२८८-८६-२००५

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, आदिकवि भानुभक्त क्याम्पस अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको नेपा. शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

शिक्षा शास्त्र सङ्काय

आदिकवि भानुभक्त क्याम्पस

दमौली, तनहुँ

२०६९

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदिकवि भानुभक्त क्याम्पस नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको ५९८ पत्रको प्रयोजनार्थ श्रद्धेय गुरु डा. श्री ईश्वरचन्द्र वाग्लेज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ ।

व्यक्तिगत अनेकौ व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि हालसम्म उत्साहबर्द्धक प्रेरणा, कुशल निर्देशन तथा महत्वपूर्ण सुझाव दिनुभएकोमा शोध निर्देशक आदरणीय गुरु डा. श्री ईश्वरचन्द्र वाग्लेज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । मेरो शोधकार्यको शीर्षक चयन, सामग्री निर्माण आदिको क्रममा अन्योलग्रस्त परिस्थितिमा समेत आवश्यक पथ प्रदर्शन तथा बहुमूल्य सल्लाह र सुझाव प्रदान गर्नुहुने श्रद्धेय गुरु श्री राम कुमार अधिकारीज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोध कार्यलाई अगाडि बढाउने क्रममा विशेष प्रेरणा प्रदान गर्नुहुने तनहुँ नेवा खलः का भू.पू.अध्यक्ष श्री शङ्कर नारायण श्रेष्ठ ज्यूप्रति विनम्रतापूर्वक आभार प्रकट गर्दछु । मेरो अध्ययन कार्यको हरेक क्षणमा आवश्यक सहयोग तथा प्रोत्साहन प्रदान गरी आजको अवस्थामा पुऱ्याउनु हुने आदरणीय मामा श्री पदम कुमार श्रेष्ठज्यूलाई धेरै धन्यवाद दिन चाहन्छु । यसै गरी यस शोध कार्यलाई समयमै पूरा गर्नका लागि प्रत्यक्ष र परोक्ष रुपमा सहयोग र प्रेरणा प्रदान गर्नुहुने क्याम्पस प्रमुख बैकुण्ठ न्यौपाने, सहप्राध्यापक महेन्द्र अधिकारीप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोध अध्ययनको क्रममा आवश्यक सहयोग गर्नुहुने परिवारका सदस्यहरू एवम् मेरा सहपाठी साथीहरू कृष्ण श्रेष्ठ, मुना पाण्डे, प्रतिक्षा श्रेष्ठलाई हार्दिक धन्यवाद दिँदै पुनः यस्तै सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमा यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण गुरुवर्ग, मित्रजन र शुभेच्छुकप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै सङ्कलित सामग्रीहरूलाई होसियारीपूर्वक टङ्कन गरिदिने 'साझा कम्प्युटर एन्ड कम्युनिकेसन सेन्टर' दमौलीका प्रेमबहादुर आले मगरलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**मीना श्रेष्ठ**

# शोधसार

**शोधशीर्षक** : तनहुँ जिल्लामा बोलिने नेवार भाषाको अध्ययन ।

**शोधकर्ता** : मीना श्रेष्ठ

**शोध निर्देशक** : सह-प्रा.डा. ईश्वरचन्द्र वाग्ले

**विभाग/क्याम्पस** : त्रिभुवन विश्व विद्यालय नेपाली विभाग आदिकवि भानुभक्त क्याम्पस, तनहुँ ।

**शैक्षिक वर्ष** : २०६८

**शोधप्रयोजन :**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा. शि. ५९८ को आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

**शोधका उद्देश्यहरू :**

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) तनहुँ जिल्लाका नेवारी भाषीको अवस्था पत्ता लगाउनु,

ख) नेवारी भाषाको स्वरुप पहिचान गर्नु,

ग) नेवारी भाषाको शब्दभण्डार सङ्कलन गर्नु ।

**शोध प्रक्रियाः**

प्रस्तुत अध्ययन अनुसन्धानको लागि प्रश्नावली, प्रत्यक्ष अवलोकन एवम् अन्तर्वार्ता जस्ता साधनहरूको प्रयोग गरी शोधकर्ता स्वयम् तनहुँ जिल्लाका नेवार समुदायमा पुगी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययन अनुसन्धानबाट सङ्कलित सूचनाहरूको सत्यापनका लागि यस जाति र भाषाका सम्बन्धमा विशेष जानकारी भएका नेवारी भाषाका वक्ताहरूसँग सोधपुछ गरी रुजू एवम् संशोधन गरिएको छ । सत्यापन गर्ने उद्देश्यमूलक नमुना छनोटबाट क्रममा तनहुँसुरबाट दुई, बन्दीपुरबाट तिन र व्यास नगरपालिकाबाट तिन जना गरी जम्मा आठ जना जनसङ्ख्यालाई एकै स्थानमा भेला गराइ सङ्कलित र विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

**निष्कर्ष तथा सुझाव :**

नेवारहरू देशकै समृद्ध संस्कृति भएको आदिवासी जनजाति समुदाय मानिन्छ । नेवार समुदाय लामो समयदेखि आफ्नो विशिष्ट भाषा, साहित्य, कला, संस्कृतिका कारण विश्वप्रख्यात हुन पुगेको देखिन्छ । नेवारहरूले बोल्ने नेवारी भाषाको मूल जरो भोट बर्मेली भाषा परिवारलाई नै मानिन्छ । यस जातिले राजनीति युद्धतिर त्यति चासो नलिई व्यापारी क्षेत्रमा बढी दख्खल रहेको पाइन्छ । यस जातिको मूल थलो उपत्यका भए पनि हाल उपत्यका भन्दा बाहिरका धेरै जिल्लाहरूमा नेवारहरू विस्तार भइरहेको पाइन्छ । तनहुँ जिल्लाभरी नेवारहरूको सङ्ख्या २८,३५३ रहेको पाइन्छ । ती मध्ये पुरुषको सङ्ख्या १४,४१४ र महिलाको सङ्ख्या १३,९३९ रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका गा.वि.स. र नगरपालिकागत नेवारहरूको सङ्ख्यात्मक अवस्थालाई हेर्दा बन्दीपुरमा १,६१७, तनहुँसुरमा ७०७ र व्यास नगरपालिकामा ३,७०१ रहेको पाइन्छ । यी क्षेत्रहरू मध्ये नेवार जातिको सङ्ख्या सबैभन्दा बढी व्यास नगरपालिकामा र कम तनहुँसुरमा रहेको देखिन्छ ।

नेवारी भाषाको व्याकरणको स्वरूपलाई हेर्दा यस व्याकरणमा अन्य भाषाबाट केही नियमहरू ल्याइए तापनि केही नियमहरू आफ्नै मौलिक प्रकारका रहेका छन् । यस्ता नियमहरूको मौलिक विशेषता छ र नेवारी भाषाको व्याकरणले आफ्नै अस्तित्व पाएको देखिन्छ । यस भाषामा स्वर वर्ण र व्यञ्जन वर्णहरूको व्यवस्था रहेको पाइन्छ । त्यसैगरी नेपाली भाषाको व्याकरणमा चन्द्रविन्दुको ठाउँमा शिरविन्दु र शिरविन्दुको ठाउँमा चन्द्रविन्दु हुन गयो भने खासै फरक नपर्ने देखिन्छ । नेपाली भाषाको व्याकरणिक कोटि अन्तर्गत लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्य र कारकलाई लिइन्छ भने नेवारी भाषाको व्याकरणिक कोटि अन्तर्गत लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव र कारकलाई मानिन्छ । यस भाषामा काललाई भूत र अभूत गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । वर्तमान कालका क्रियापद र भविष्यत् कालका क्रियापद समान देखिन्छन् । यस भाषामा वाच्य तत्त्वको भएको पाइँदैन । नेवारी भाषामा सर्वनामको लिङ्ग परिवर्तन नहुने देखिन्छ भने एकवचन र बहुवचनमा उही क्रियाको प्रयोग गरिएको पाइन्छ ।

विभिन्न क्षेत्रहरूसँग सम्बन्धित शब्दहरूलाई व्युत्पन्न र अव्युत्पन्न गरी बनोटका आधारमा वर्गीकरण गरिएको छ । नेपाली भाषामा जस्तै नेवारी भाषामा पनि व्युत्पादन प्रक्रियाबाट नयाँ शब्दहरूको निर्माण हुने गरेको पाइन्छ । यस भाषामा उपसर्ग, प्रत्यय, समास र द्वित्व प्रक्रियाबाट पनि शब्द निर्माण गर्न सकिन्छ ।

वचन व्यवस्थालाई अध्ययन गर्दा नाम, सर्वनाम र विशेषणलाई एक वचनबाट बहुवचनमा लैजाने नियम रहेको पाइन्छ । यस भाषाको एकवचन र बहुवचनमा उही क्रिया प्रयोग गरिएको पाइन्छ । नाम, सर्वनाम र विशेषणलाई बहुवचनमा परिवर्तन गर्दा 'त' र 'पिं' थप्ने गरिन्छ । यस भाषामा वाच्यको व्यवस्था पाइदैन ।

नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय भाषालाई आधारभूत तह अर्थात् मातृभाषासम्म शिक्षा लिन पाउने व्यवस्था गरेको पाइन्छ । यस सन्दर्भमा यस भाषालाई जीवन्त राख्न शिक्षाको क्षेत्रमा व्यापक जोड दिनुपर्ने देखिन्छ । व्याकरण लेखन र शब्दकोश निर्माणमा समेत जोड दिनुपर्ने देखिन्छ । प्राथमिक तहसम्म नेवारी भाषामै शिक्षा दिएमा नेवारी भाषाको उत्थानमा धेरै सहयोग पुग्ने पाइन्छ । नेवार जातिको भाषा, लिपि, परम्परालाई संरक्षण र सम्बर्द्धन गर्न सरकारलाई निर्देशन गर्नुपर्ने देखिन्छ । यस जातिको भाषा, साहित्य, संस्कृति र प्राज्ञिक व्यक्तित्व तथा साहित्यकार र कविहरूलाई प्रोत्साहित गर्नका लागि नीति निर्माण गर्नुपर्छ । यस जातिको उत्थान र अन्तर्राष्ट्रियकरण गर्न नीति निर्माण गरिनु आवश्यक देखिन्छ ।

# विषयसूची


पृष्ठ सङ्ख्या

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञताज्ञापन**

**विषयसूची**

**सङ्क्षेपीकृत शब्द**

**परिच्छेद : एक**

**शोध परिचय** **१-११**

| | | |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोध प्रयोजन | १ |
| १.३ | समस्या कथन | १ |
| १.४ | शोधको उद्देश्य | २ |
| १.५ | पूर्वकार्यको समीक्षा | ३ |
| १.६ | शोधको औचित्य | ६ |
| १.७ | शोध कार्यको सीमा | ८ |
| १.८ | शोध विधि | ८ |
| | १.८.१ प्राथमिक स्रोत | ९ |
| | १.८.२ द्वितीय स्रोत | ९ |
| | १.८.३ तथ्य सामग्रीको सत्यापन | ९ |
| | १.८.४ जनसङ्ख्या छनोट | १० |
| | १.८.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | १० |
| | १.८.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण | १० |
| १.९ | शोधपत्रको रूपरेखा | ११ |

## परिच्छेद : दुई

## नेवारी भाषीको अवस्था अध्ययन १२-२९


| | | |
|---|---|---|
| २. | नेवार जातिको परिचय | १२ |
| २.१ | मौलिक विशेषता | १४ |
| | २.१.१ बसोबासको स्वरूप | १५ |
| | २.१.२ नेपाल भाषा | १६ |
| | २.१.३ कला र संस्कृति | १६ |
| | २.१.४ गुठी व्यवस्था | १७ |
| २.२ | सामाजिक संस्कार | १८ |
| | २.२.१ जन्म संस्कार | १९ |
| | २.२.२ व्रतबन्ध संस्कार | २० |
| | २.२.३ विवाह संस्कार | २१ |
| | २.२.४ मृत्यु संस्कार | २२ |
| २.३ | बसोबासको क्षेत्र | २४ |
| २.४ | व्यवसाय | २४ |
| २.५ | चाडपर्व | २४ |
| २.६ | जनसाङ्ख्यिकीको अवस्था | २५ |
| २.७ | निष्कर्ष | २८ |


## परिच्छेद : तिन

## नेवारी भाषामा व्याकरणको स्वरूप ३०-४८


| | | |
|---|---|---|
| ३.१ | व्याकरण सम्बन्धी परिचय | ३० |
| | ३.१.१ परिचय | ३० |
| | ३.१.२ वर्ण व्यवस्था | ३० |
| ३.२ | व्याकरण कोटिको परिचय | ३२ |
| ३.३ | नेवारी भाषामा पाइने व्याकरणात्मक कोटि र वाक्य रचना | ३२ |
| | ३.३.१ लिङ्ग | ३२ |
| | ३.३.२ वचन | ३४ |

३.३.३ पुरुष ३६

३.३.३.१ प्रथम पुरुष ३६

३.३.३.२ द्वितीय पुरुष ३७

३.३.३.३ तृतीय पुरुष ३७

३.३.४ काल ३८

३.३.५ पक्ष ३८

३.३.५.१ वर्तमान काल ३९

३.३.५.२ भूतकाल ३९

३.३.५.३ भविष्यत् काल ४०

३.३.६ भाव/अर्थ ४२

३.३.६.१ सामान्यार्थ ४२

३.३.६.२ विध्यर्थ ४३

३.३.६.३ सम्भावनार्थ ४३

३.३.६.४ सङ्केतार्थ ४४

३.३.७ कारक ४४

३.३.७.१ कर्ता कारक ४५

३.३.७.२ कर्म कारक ४५

३.३.७.३ करण कारक ४६

३.३.७.४ सम्प्रदान कारक ४६

३.३.७.५ अपादान कारक ४६

३.३.७.६ अधिकरण कारक ४७

३.४ निष्कर्ष ४७

**परिच्छेद : चार**

**नेवारी भाषाका शब्दको अध्ययन ४९-५९**

४. बनोटका आधारमा शब्दको वर्गीकरण ४९

४.१ अव्युत्पन्न शब्द ४९

४.१.१ नाम ५०

४.१.२ सर्वनाम ५१
४.१.३ विशेषण ५२
४.१.४ क्रिया ५३
४.१.५ अव्यय ५४
४.२ व्युत्पन्न शब्द ५४
४.२.१ उपसर्गद्वारा शब्द निर्माण ५५
४.२.२ प्रत्ययद्वारा शब्द निर्माण ५६
४.२.३ समासद्वारा शब्द निर्माण ५७
४.२.४ द्वित्वद्वारा शब्द निर्माण ५८
४.३ निष्कर्ष ५८

**परिच्छेद : पाँच**

**निष्कर्ष र सुझावहरू** ६०-६४
५.१ निष्कर्ष ६०
५.२ सुझावहरू ६२
५.३ भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरू ६४

**सन्दर्भ सूची**
**परिशिष्टहरू**

# सङ्क्षेपीकृत शब्द

| क्र.सं. | सङ्क्षेप | पूर्ण शब्द |
|---|---|---|
| १ | क्र.सं. | क्रम सङ्ख्या |
| २ | अप्र. | अप्रकाशित |
| ३ | पृ. | पृष्ठ |
| ४ | त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ५ | गा.वि.स. | गाउँ विकास समिति |
| ६ | न.पा. | नगरपालिका |
| ७ | ने.अ.स. | नेपालको अन्तरिम संविधान |
| ८ | जि.वि.स. | जिल्ला विकास समिति |
| ९ | पिएच.डी. | डाक्टर अफ फिलोसफी |